# अध्यक्ष डा. बद्री केसीको जापान भ्रमण- संक्षिप्त जानकारी

३० नोभेम्बर- ०१ डिसेम्बर २०२४



डा. बद्री केसी
अध्यक्ष, गैरआवासीय नेपाली संघ

**नेपाल र नेपालीको जापानमा पहिचान, १४ औं नेपाल फेस्टिवलमार्फत नेपालमा पर्यटन प्रवर्द्धन**' भन्ने मूल नाराका साथ जापानमा १४ औं 'नेपाल फेस्टिवल' सम्पन्न भएको छ । गैरआवसीय नेपाली संघ (एनआरएनए) जापान, जापानका लागि नेपाली राजदूतावास र नेपाल आदिवासी जनजाति महासङ्घ जापानको संयुक्त आयोजनामा यो महोत्सव टोकियोको नाकानो सिकिनोमोरी पार्कमा ३० नोभेम्बर देखि १ डिसेम्बर २०२४ आइतबारसम्म सञ्चालन भएकोले नेपालको कला र संस्कृतिलाई विश्वसामु चिनाउने र प्रवासमा रहेका नेपालीलाई एकजुट गर्दै उनीहरूको अपनत्वको भावना जगाउने यस महोत्सवको उद्देश्य थियो ।

## महोत्सवको उद्देश्य र आयोजक टोली

यो महोत्सव जापानमा नेपाल र नेपालीको पहिचानको झल्को दिने नेपाली हाउस नामक बहुसांस्कृतिक केन्द्रको निर्माणका लागि सहयोग जुटाउने उद्देश्यले आयोजना गरिएको हो। फेस्टिवलका आर्थिक संकलन अभियान, स्टल बुकिङ, स्वयम्सेवक टिम र विभिन्न भेषभूषा, मौलिक कला संस्कृति, नेपाली संस्कृतिका प्रतिभा देखाउने विषयमा एनआरएनए जापानका अध्यक्ष र फेस्टिवलको मुख्य आयोजक समितिका संयोजक नवीन निउरेले जानकारी दिनुभयो ।

## स्वागत कार्यक्रम

गैरआवासीय नेपाली संघका अध्यक्ष डा. बद्री केसी, महिला उपाध्यक्ष रोजीना प्रधान राई, सहकोषध्यक्ष कृष्ण प्रसाद तिमल्सेना र एनसीसी थाइल्याण्डका अध्यक्ष भवीन्द्र बस्नेतलाई एनसीसी जापानले जापानमा एक भव्य स्वागत कार्यक्रममा स्वागत गरेको थियो। कार्यक्रममा, एनसीसी जापानका विभिन्न कार्यकारी सदस्यहरूले नेपाली समाजको विकास र आपसी सहयोगका विषयमा विचार-विमर्श गरिएको थियो। सोही क्रममा विशेष अन्तरक्रिया कार्यक्रम समेत आयोजना भएको थियो । उक्त अवसरमा अध्यक्ष डा केसीले लोकतान्त्रिक पद्धतिबाट भएको मतदानको निर्णय नमान्ने, सम्मानित सर्वोच्च अदालतको फैसलाको अवमूल्यन गर्ने जस्ता गतिविधिले संस्थाको छवि धमिल्याउने बताउनुभयो ।



उक्त अवसरमा सर्वोच्चको फैसला अनुरूप नै आफु र आफ्नो कार्यसमितिले काम जारी राखेकोले थप विवाद आवश्यक नभएको उहाँले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, संसारभरिका नेपालीलाई नेपाल र नेपालीपन सँग जोड्न तथा एकताबद्ध संस्था निर्माण गर्न हामी प्रतिबद्ध छौं । समयानुकुल केही सुधारका पाटाहरु हुनसक्छन्। विधानका व्यवस्था, निर्वाचन प्रणाली, कार्यप्रणालीजस्ता सबै विषयमा सुधार गर्दै संस्था अघि बढ्नेछ । यति ठूलो विश्व सञ्जालमा केही समस्या छन्, तर त्यो भन्दा महत्वपूर्ण कुरा, जुनसूकै परिस्थितिमा पनि संस्थाले आफ्नो प्राथमिक जिम्मेवारी निभाएको छ। नेपाल सरकारको प्रत्यक्ष उपस्थिति नभएका देशहरुमा पनि नेपालीलाई सामाजिक सहायता प्रदान गर्दै आएको छ। विश्वभर नेपालको निरन्तर प्रवर्द्धन गर्दै, नेपालीको ज्ञान, सीप, र लगानीलाई नेपालमा उपयूक्त वातावरण निर्माण गर्न योगदान पुऱ्याएको छ। विदेशमा रहने नेपालीको हकहितका लागि नेपाल सरकारसँग निरन्तर पैरवी गर्दै आएको छ।

## उद्घाटन समारोह र प्रमुख अतिथि संघका अध्यक्ष डा. बद्री केसीको सम्बोधन

कार्यक्रममा विशेष अतिथिको रुपमा सम्बोधन गर्दै संघका अध्यक्ष डा. बद्री केसीले एनआरएनएले नेपालको औपचारिक संयन्त्र नभएको देशमा गैरआवासीय नेपाली संघले नेपालको प्रतिनिधिको रूपमा काम गरिरहेको उल्लेख गर्नुभएको थियो। उहाँले भन्नुभयो, जहाँ जहाँ नेपालको औपचारिक संयन्त्र नभएको देशमा गैरआवासीय नेपाली संघले नेपालको प्रतिनिधिको रूपमा काम गरिरहेको छ । डा. केसीले ८७ देशमा संगठन विस्तार गरेको एनआरएनए, दूतावास नभएका देशमा सरकारको काम गर्दै आएको उहाँले बताउनुभयो।



# विदेशमा बस्ने नेपालीले नेपालको शेयर बजारमा लगानी गर्न पाउने : अध्यक्ष डा केसी

जापानमा आयोजित १४ औँ नेपाल फेष्टिभलमा सम्बोधन गर्दै अध्यक्ष डा बद्री केसीले विदेशी लगानीकर्तासँगै अब नेपालीहरूले पनि नेपालमा लगानी गर्न सक्ने वातावरण तयार भएको जानकारी गराउँदै रेमिट्यान्सको अलावा अब नेपालीहरूले लगानी पनि भित्र्याउन सक्ने उल्लेख गर्नुभयो । उहाँले गैरआवासीय नेपालीहरूको लागि लगानी गर्न नेपालको शेयर बजार खुल्ला भएको जानकारी गर ाउनुभयो । अध्यक्ष डा केसीले धितोपत्र निष्काशन तथा बाँडफाँड (आठौँ संशोधन) निर्देशिका, २०८१ लाई नेपाल धितोपत्र बोर्डले बिहिवार स्वीकृती प्रदान गरे पछि विदेशमा बस्ने नेपालीहरूले शेयर बजारमा लगानी गर्न पाउने जानकारी गराउनुभयो । पछिल्लो निर्णयले विश्वभरिका गैरआवासीय नेपालीहरूलाई नेपालको विकासमा सहभागी हुन तथा आफ्नो ज्ञान, सीप र पूँजी नेपालमा भित्र्याउन सहज वातावरण निर्माण भएको र पहिलो चरणमा करिब १० अर्बको लगानी रहने सो फण्डको लागि भविष्यमा गैरआवासीय नेपालीको लागि सार्वजनिक धितोपत्र आह्वान गर्ने उहाँले बताउनुभयो ।



## गैरआवासीय नेपाली नागरिकता पूर्ण रूपमा कार्यान्वयनमा आउने दाबी

गैरआवासीय नेपाली संघका अध्यक्ष डा बद्री केसीले संविधानले गैरआवासीय नेपालीहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सहितको नागरिकता प्रदान गरे पनि पूर्ण अधिकार सहितको नागरिकताको लागि लबिइङ जारी राख्ने बताउनु भएको छ । डा केसीले एनसीसी जापानले आयोजना गरेको १४ औँ नेपाली मेलालाई सम्बोधन गर्दै उक्त कुरा उल्लेख गर्नुभएको हो । उहाँले गैरआवासीय नेपालीहरूलाई गत वर्षदेखि जारी गर्न थालिएको नागरिकताको कार्यान्वयनमा समस्या रहेको चर्चा गर्दै छिट्टै गैरआवासीय नेपाली नागरिकता पूर्ण रूपमा कार्यान्वयनमा आउने दाबी पनि गर्नुभयो ।

## निष्कर्ष

डा. बद्री केसी र एनआरएन नेतृत्वले जापानमा रहेका नेपाली समुदायसँग निकटतम संवाद कायम राख्दै, नेपालका लागि ठुला योजनाहरूको कार्यान्वयनका लागि प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रमले नेपाली युवाहरूलाई नेपालको समृद्धिमा योगदान पुऱ्याउन प्रेरित गर्ने र गैरआवासीय नेपालीहरूको अधिकार र नागरिकताको सुनिश्चिततासँगै संस्थाको विकासमा महत्वपूर्ण भूमिका खेलेको विश्वास लिईएको छ ।



# १४ औं नेपाल फेस्टिवल जापानका केहि झलकहरू













गैरआवासीय नेपाली संघ
बालुवाटार, काठमाडौं
info@nrna.org www.nrna.org
@NRNAofficial